

# पहाड़का जड़ीबुटीहरूको महत्त्व र प्रयोग बढ्दैछ

दार्जीलिङ, २० अप्रेल (निसं): विज्ञान अनि तक्निकीले उच्चाइ नापिसकेको वर्तमान युगमा आएर पनि विभिन्न रोगहरूबाट मुक्ति पाउन फेरि पौराणिक युगतिर प्रयोग गरिइने आयुर्वेदिक चिकित्सा प्रणालीले विश्वको ध्यान केन्द्रित गरिरहेको छ। चिकित्साका मुख्य तीन प्रणालीहरू एलो, होमियो र युनानीको प्रयोग पनि एकतिर सामान्य रूपमा नै प्रयोगमा आइरहेको छ। तथापि, पारम्पारिक हिसाबले चल्दै आइरहेको आयुर्वेदिक चिकित्सा प्रणालीलाई अझ वैज्ञानिक प्रारूप दिएर प्रयोगमा ल्याइएको हर्बल (जरीबुटी) चिकित्सा प्रणालीले विश्वमा नै छुट्टै विशेषताका साथ व्यापक प्रयोगमा आइरहेको छ।

धेरै वर्षअघिदेखि विश्वका विभिन्न देशहरूबाट शोधकर्ताहरूको शोधको विषय बनेका पहाड़मा पाइने विविध जड़ीबुटी तथा जङ्गली झारपातको अनुसन्धान अब भने साकार भएर गइसकेका छन्। यद्यपि आफ्नै भेगतिर पाइने जड़ीबुटीहरूको महत्त्वबारे उचित ज्ञान हुन नसकेको अथवा ज्ञान भए तापनि यसको प्रयोग सीमित क्षेत्रमा पारम्पारिक हिसाबले गर्दै आइरहेका अन्तर्राष्ट्रिय देश अनि विदेशका ज्ञाता, शोधकर्ता, विशेषज्ञहरूबाट पहाड़मा पाइने जड़ीबुटीहरूको प्रयोग पहाड़मै ल्याइने प्रयास चलिरहेको छ। आयुर्वेदिक औषधि साथै आवश्यक दैनिक थोक आदिको निर्माण गरी यसको प्रयोगमा व्यापकता ल्याउनेहरूमध्ये हालमा योगगुरु रामदेव बाबाको पतञ्जली पीठ पहाड़मा पनि स्थापित गरिने घोषणाले आयुर्वेदिक औषधिको महत्त्व अझ बढेर गइरहेको बेला घरेलु रूपमा गर्दै आइरहेका पहाड़का केही वैद्यहरूका जड़ीबुटीको प्रयोगतिर स्थानीय मानिसहरूको झुकाउ बढिरहेको छ। एक दुइ पुस्तासम्म मात्र सीमित रहेर यसपछिका पुस्तादेखि आयुर्वेदिक ज्ञानको प्रयोगमा कमि आइरहेको स्थितिलाई सुधारमा ल्याइनुका साथै पहाड़का विविध जड़ीबुटीहरूको महत्त्व विषय स्थानीय तौरमा पनि व्यापकता ल्याइने उद्देश्यले केही वर्षयता यहाँका गुडविल संस्थाद्वारा पहाड़का विभिन्न ठाउँहरूमा इटलीका आयुर्वेद सम्बन्धि ज्ञाता, विशेषज्ञ र शोधकर्ताहरूको टोली आएर प्रशिक्षण दिइने कार्य भइरहेको छ।

— रहल पृष्ठ ४ मा

हेडनहलमा आयुर्वेदिक औषधि तयार गर्दै स्वास्थ्य सेविकाहरू।

HIMALAY DARPAN : 21 APRIL, THURSDAY, 2016

## पहाड़का जड़ीबुटीहरूको महत्त्व... CONT.

गत सोमबार मात्र उक्त इटलीका एक टोलीद्वारा स्थानीय हेडन हल दार्जीलिङका ग्राम स्वास्थ्य सेवक-सेविकाहरूसँगै यस विषयमा चासो राख्ने शोधार्थीहरूलाई लिएर एक दिने प्रशिक्षण सम्पन्न गरिएको जानकारी हेडन हलका डिसपेन्सरी इन्चार्ज मणि छेत्रीले दिए। उनीअनुसार उक्त इटली हर्बलिङ टोलीद्वारा केही वर्षअघि नै खरसाङ शहरमुनि मकैबारी चियाबारीमा हर्बल हबको स्थापना गरिएर प्रशिक्षण दिइने कार्य भइरहेको छ। जहाँ हेडन हलका स्वास्थ्य सेविकाहरूले पनि प्रशिक्षण लिइसकेका छन्। स्वास्थ्य सेविकाहरूद्वारा व्यावहारिक रूपमा नै आयुर्वेदिक औषधि बनाइने कार्यको थालनी पनि भइसकेको छ। अघिबाट प्रशिक्षण लिइसकेका स्वास्थ्य सेविकाहरू भूमिका प्रधान, पूर्णिमा तामाङ, अन्जु राई अनि दावा लेप्चा यस कार्यमा जुटिसकेका छन्। उनीहरूसँगै हेडन हलद्वारा कार्यरत कालेबुङका विभिन्न सुदूर ग्राम अनि दार्जीलिङका हरसिङ, दवाइपानी, कलेजभेली, रम्बुक, आलुबारी आदि स्थानहरूमा सेवा पुर्‍याइरहेका स्वास्थ्य सेविकाहरूले पनि प्रशिक्षण लिइरहेका छन्। प्रशिक्षणार्थी

Darjeeling, 20 Apr, 2016

## TRANSLATION:

## HEALTH WORKERS PREPARING AYURVEDIC MEDICINES AT HAYDEN HALL

Darjeeling, 20 April: Even in today's era of advanced science and technology, traditional Ayurvedic healing practices are once again drawing global attention as people increasingly seek natural remedies for various illnesses. Alongside modern medical systems, herbal and Ayurvedic treatments based on medicinal plants and natural herbs are gaining renewed importance worldwide.

The medicinal herbs and wild plants found in the hills, which have long been subjects of research by experts and scholars from different countries, are now being practically utilized for healthcare purposes. Although local communities have traditionally used many of these herbs, efforts are now being made to expand scientific awareness and practical application of herbal medicine within the hills themselves.

With growing interest in Ayurvedic medicine, including initiatives such as the proposed establishment of Patanjali centres in the hills, local awareness regarding the value of medicinal herbs has also increased. In recent years, under the initiative of the Goodwill organization, experts, researchers, and herbal specialists from Italy have been conducting training programmes across the hills to promote knowledge of herbal medicine and the importance of local medicinal plants.

According to Mani Chettri of Hayden Hall Institute, an Italian herbalist team recently conducted a one-day practical training programme at Hayden Hall for village health workers and individuals interested in herbal research. He informed that the same team had previously established a Herbal Hub at Makaibari Tea Estate in Kurseong, where Hayden Hall health workers had also received training.

The training focused on the practical use of medicinal plants commonly found in the hills, including aloe vera, wild ginger, mountain turmeric, mint, tulsi, amla, marigold, and several other local herbs and plants. Participants were trained in preparing herbal medicines such as cough syrup, gastric syrup, liver syrup, aloe vera juice, respiratory syrups, and skin treatment creams.

Following the training, Hayden Hall health workers have already begun preparing Ayurvedic medicines practically at the institution. Trained health workers including Bhumika Pradhan, Purnima Tamang, Anju Rai, and Dawa Lepcha are actively involved in the initiative. Additional health workers serving in remote villages of Kalimpong and areas such as Harsingh, Dabaipani, College Valley, Rimbick, and Alubari are also undergoing training.

According to the trainees, the herbal preparations are made using carefully measured proportions of herbal extracts and alcohol mixtures. The medicines are used for treating ailments related to cough, gastric problems, blood and urinary disorders, while herbal creams are prepared for skin-related conditions.

Dispensary In-charge Mani Chettri further stated that instead of marketing the herbal medicines commercially, the institution is making them available at affordable prices within the organization itself. Economically disadvantaged patients are also being provided medicines either at highly subsidized rates or free of cost.